# त्रियुगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सहकारी तथा उद्योग शाखा
## गाईघाट, उदयपुर

१ नं. प्रदेश

फोन :०३५-४२०६३८
ईमेल : triyuga.mun@gmail.com

प.सं.- २०७८।७९
च.नं.- ४३४

मिति- २०७८।०६।१८

**विषयः सहकारी संस्थाको प्रतिवेदन र संस्थाको कार्य सन्चालन सम्वन्धमा ।**

श्री
सहकारी संस्था लिमिडेड
उदयपुर ।

त्रियुगा नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको नियमन त्रियुगा नगरपालिका उदयपुरको रहेको सबैमा जानकारी नै छ । सहकारी क्षेत्रको आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन तयांर गर्न र सहकारी विभागबाट हालसालै जारी गरेको सूचना सम्प्रेषण गर्ने सन्दर्भमा यो पत्र लेख्ने काम भएको व्यहोरा अनुरोध गर्दछु ।

वार्षिक प्रतिवेदन सम्वन्धमा

**तहाँ सहकारी संस्थाले आ.व.२०७७/७८ सम्मको लेखापरीक्षण प्रतिवेदन र यसै पत्र साथ संलग्न दुई पाने सूचना विवरण भरी २०७८ कार्तिक पहिलो हप्ता भित्र अनिवार्य रुपमा त्रियुगा नगरपालिका सहकारी शाखामा पठाउन हुन अनुरोध छ ।**

सहकारीका कार्य एवं सहकारी विभागबाट जारी भएका सूचना

१. सहकारी ऐन, २०७४, त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५, सहकारी नियमावली, २०७५ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र लेखापरीक्षण सम्पन्न गर्ने, ६ महिनाभित्र साधारणसभा सम्पन्न गर्ने, साधारणसभा भएको १५ दिन भित्र यस कार्यालयमा प्रतिवेदन पठाउने, तोकिएको मिति भित्र, मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरु COPOMIS प्रणाली मार्फत यस कार्यालयमा प्रतिवेदन पठाउने ।
२. सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ३९ उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी ब्याज लगाउन नपाईने व्यवस्था गरेको हुनाले सहकारी संस्थाले आफूले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई सांवा रकममा जोडी ब्याज लगाउन कार्य नगर्न हुन ।
३. सहकारी ऐन, २०७४ को दफा ६३ को उपदफा (४) तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४२ उपदफा (३) मा सहकारी संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रुपैयाँ हुनुपर्ने व्यवस्था गरेको छ ।तदनुसार सहकारी संस्थाले प्रचलित कानून बमोजिम योग्यता पुगेका सेवा उपयोगकर्ता इच्छुक व्यक्तिलाई एक सेयर मात्र खरिद गरेको खण्डमा पनि स्वैच्छिक तथा खुला सदस्यताको सिद्धान्त बमोजिम कुनै भेदभाव नगरी समान अधिकार सहित सदस्यता प्रदान गर्न हुन, र नयाँ वा पुराना जुनसुकै सदस्यलाई सहकारी संस्थाको सेयर बिक्री गर्दा अङ्कित मूल्य अर्थात प्रति सेयर एक सय रुपैयाँका दरले हुने रकममात्र लिन हुन तथा सेयर प्रिमियम वा त्यस्तै अन्य कुनै नाममा अतिरिक्त रकम नलिनु हुन ।
४. सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २२ उपदफा (१) मा कुनै व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाको सदस्य हुन नपाउने व्यवस्था गरेको छ । कसैले एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाको सदस्यता लिएको भए आफूले छनौट गरेका कुनै एक मात्र सहकारी संस्थाको सदस्यता कायम राख्नका लागि सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सदस्य पहिचान फाराम भराई/अद्यावधिक गरी दोहोरो सदस्यताबाट हटाउने ।

शाखा प्रमुख

# त्रियुगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सहकारी तथा उद्योग शाखा
## गाईघाट, उदयपुर

१ नं. प्रदेश

फोन :०३५-४२०६३८
ईमेल : triyuga.mun@gmail.com

प.सं.- २०७८।७९
च.नं.- ४२४

५. सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ३९ को उपदफा (२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य बिषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोवार गर्दै आएको भए बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएका मुख्य कारोवार गर्नुपर्ने व्यवस्था भएकोले सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (ज) तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २ को खण्ड (छ) मा दिइएको मुख्य कारोबारको परिभाषा अनुसार कारोबार गर्नु हुन ।

६. सहकारी ऐन, २०७४ को दफा ७६ तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५५ मा उल्लेखित प्रकृया पुरा गरी सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को नियम ३ को उपनियम (१) बमोजिम लेखापरीक्षक नियुक्त गरी सो निर्देशिकाको अनुसूची-१ को ढाँचामा र सो नियमको उपनियम (२) मा उल्लेखित कागजात संलग्न गरी लेखापरीक्षक नियुक्तिको जानकारी तीन दिन भित्र यस शाखा पठाउन हुन ।

७. सहकारी ऐन, २०७४ को दफा ३८ तथा त्रियुगा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २७ मा अन्य कुराका अतिरिक्त सहकारी संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, पारिश्रामिक लगायतका सुविधा तोक्ने, वाह्य दायित्व स्वीकार गर्ने र सदस्यको दायित्व मिनाहा दिने कार्यहरु साधारण सभाले मात्र गर्न सक्ने व्यवस्था रहेको छ । अतः कानुनमा भएको उक्त व्यवस्था कार्यान्वयनका लागि देहाय बमोजिम गर्न हुन अनुरोध गरिन्छः-

(क) जुनसुकै आन्तरिक कार्यविधि साधारण सभाबाट पारित नभएको भए पारित गराएर मात्र लागू गर्ने,
(ख) वार्षिक कार्यक्रम तथा बजेट र सोमा हुने संशोधनसमेत साधारण सभाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्ने,
(ग) सञ्चालक समिति, लेखा समिति वा अन्य समिति वा उपसमितिका पदाधिकारीहरुका साथै व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पारिश्रामिक वा सुविधा साधारण सभाबाट तोकेर मात्र खर्च लेख्ने,
(घ) ऋण लिंदा वा अन्य तवरले वाह्य दायित्व सृजना गर्दा साधारण सभामा पेस गरी निर्णय भएबमोजिम गर्ने,
(ङ) साधारण सभाको निर्णयविना सदस्यको दायित्व मिनाहा नदिने, र
(च) उपर्युक्त बमोजिम ऐनको प्रावधानसँग बाझिएका विनियमका प्रावधानहरु यथाशिघ्र संशोधनको व्यवस्था मिलाउने ।

सहकारी संस्था सम्वन्धिका सूचना एवं ऐन, कानुन र सेवा सुविधा बारे समय समयमा अध्ययन एवं जानकारी लिनको लागि सहकारी विभागको वेभसाईट-www.deoc.gov.np र त्रियुगा नगरपालिकाको वेभसाईट-www.triyugamun.gov.np हेर्न हुन र आफ्नो संस्थाको ई-मेल खाता बनाउन हुन अनुरोध गर्दछु ।

माथि उल्लेखित बुँदाहरुको परिपालना एवं कार्यान्वयन भई आफ्नो सहकारी संस्थालाई सबै सदस्यहरुको विश्वासयोग्य बनाई सहकारी सिद्धान्तहरु बमोजिम संस्था सक्रिय रुपमा सञ्चालन हुनेछ भन्ने पूर्ण विश्वास गर्दछु ।

२०७८/०६/१८
(राज कुमार खड्का)
शाखा प्रमुख

बोधार्थ
श्री जिल्ला सहकारी संघ, उदयपुर ।
श्री बचत तथा ऋण जिल्ला सहकारी संघ, गाईघाट, उदयपुर ।
श्री जिल्ला कृषि सहकारी संघ, उदयपुर ।

# सहकारी संस्थाहरुको अवस्था विवरण

*(२०७८ आषाढ मसान्तको विवरण उल्लेख गर्नुपर्ने)*

१. सहकारी संस्थाको नाम र ठेगानाः-

संस्थाको अध्यक्षको नाम र मोवाइल नं

व्यवस्थापकको नाम र मोवाइल नं :

ईमेल ठेगानाः

२. संस्थाको कार्यक्षेत्र :-

३. सहकारी संस्थाको संचालक, सदस्य, कर्मचारी र आर्थिक विवरण

| संचालक | | | सदस्य | | | कर्मचारी | | | रू. सयमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | शेयर पूँजी | निक्षेप | ऋण | अन्य | जम्मा |
| | | | | | | | | | | | | | |

बजार प्रतिनिधि संख्याः- महिलाः पुरुषः नियुक्ति दिए नदिएको :-

५. शेयर सदस्य संख्या :-

| महिला | पुरुष | जम्मा | संस्थागत |
|---|---|---|---|
| | | | |

६. निक्षेपकर्ताहरुको संख्या :-

| महिला | पुरुष | जम्मा | संस्थागत |
|---|---|---|---|
| | | | |

७. ऋणीहरुको संख्या :

| महिला | पुरुष | जम्मा | संस्थागत |
|---|---|---|---|
| | | | |

८. कोष र कोषमा रहेको रकम

| क्र.सं. | कोषको नाम | कोषमा रहेको रकम | कोष छ/छैन | कैफियत |
|---|---|---|---|---|
| १ | जगेडा कोष | | | |
| २ | संरक्षित पूँजी फिर्ता कोष | | | |
| ३ | सहकारी प्रवर्द्धन कोष | | | |
| ४ | सहकारी बचत तथा कर्जा सुरक्षण कोष | | | |
| ५ | अन्य कोष | | | |
| क | सहकारी शिक्षा कोष | | | |
| ख | शेयर लाभाँश कोष | | | |
| ग | कर्मचारी बोनस कोष | | | |
| घ | सहकारी विकास कोष | | | |
| ङ | घाटापूर्ती कोष | | | |
| च | सामुदायिक विकास कोष | | | |



शाखा प्रमुख

| | | | | |
|---|---|---|---|---|
| छ | स्थिरीकरण कोष | | | |
| ज | जोखिम कोष | | | |
| | अन्य | | | |

९. कोपोमिस तालिम लिएको नलिएको

१०. कोपोमिस तालिम लिएको भए प्रयोगमा (पासवर्ड) आएको नआएको

११ सफ्टवेयर :- प्रयोग छ प्रयोग छैन

१२. संस्थाले तयार पारेको कार्य संचालन नियमावलीहरु, नीतिहरु र कार्यविधिहरु :

१. २.

३. ४.

५. ६.

१३. संस्थाले गठन गरेको उप समितिहरु :-

१. २.

३. ४.

१४. संस्थाको वर्तमान ऋणको न्यूनतम र अधिकतम व्याजदर :-

संस्थाको वर्तमान् बचतको न्यूनतम र अधिकतम व्याजदर :-

१५. कारोवार गरेका बिबरण :-सुनचाँदी कर्जा, गल्ला कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आइएमइ, अन्य

१६. आफ्नै शेयरको सुरक्षणमा लगानी, घर जग्गा किनवेच :-

१७. संस्थाका सदस्यहरुले देख्ने गरी सदस्य वडापत्र र सुचनापाटी राखे, नराखेको :

१८. संस्थाले रणनैतिक योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार पारे, नपारेको :

१९. नगद व्यवस्थापन :

(क) ढुकुटीमा रहने नगद मौज्दातको विवरण खुल्ने गरी क्यास बुकमा राख्ने गरे, नगरेको :

(ख) ढुकुटीको मुल तथा सहायक साँचो स्पस्ट जिम्मेवारी बाँडफाँड सहित लिने गरे, नगरेको :

हस्ताक्षर /संस्थाको छाप

आधिकारीक व्यक्तिको नाम :..................................

पद :

मिति



शाखा प्रमुख